# ‘चियाको चुस्कीभन्दा चुनावी गफ मिठा’



कञ्चनपुर, ७ पुसः कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका-५, वन समिति बजार छेउको चिया पसलमा अचेल हरेक दिन चियाको चुस्कीसँगै आगामी निर्वाचनका बारेमा गरमागरम बहस हुन्छ। यहाँ उपस्थित भएकाहरूको कुरा सुन्दा लाग्छ, उनीहरू चियाको चुस्कीका लागि भन्दा निर्वाचनको गफ गर्न आएका हुन्।

यसरी गफ गर्नेमा शिक्षक, कर्मचारी, राजनीतिकर्मी र अगुवा नागरिक हुन्छन्। हरेकले आआफ्नै विश्लेषण सुनाउँछन्। कसैले भन्छन् चुनाव हुन्छ, कसैले भन्छन् हुँदैन। तर्क, आशंका र विचार फरक फरक भए पनि अन्तिममा एकमत देखिन्छन्– निर्वाचनको विकल्प छैन।

प्रायः यहाँ चिया पसलमा भेटिने नेपाली कम्युनिष्ट पार्टीका स्थानीय नेता शिवी लुहार निर्वाचनलाई लोकतन्त्रको सुन्दर पक्षका रूपमा व्याख्या गर्दै पछिल्लो परिस्थितिलाई सम्हाल्न निर्वाचन निर्विकल्प हो। उहाँ केही संशय व्यक्त गर्दै भन्नुहुन्छ, ‘सरकारले मिति घोषणा गरेर मात्र पुग्दैन, सबै राजनीतिक दलहरूलाई विश्वासमा लिएर सुरक्षाको प्रत्याभूति गराउनु उत्तिकै आवश्यक छ।’

जसरी नेपालको संविधानले अङ्गीकार गरेको लोकतन्त्र र सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न पनि आवधिक निर्वाचन हुनुपर्ने उहाँको मतमा धेरै सहमत देखिन्छन्, त्यसैगरी वर्तमान राजनीतिक परिस्थितिले जनमानसमा केही संशय र दुविधा सिर्जना गरेकामा एकमत सुनिन्छन्।

‘निर्वाचनले नै जनमतको कदर गर्छ, हाम्रो पार्टीले चुनावको तयारी स्वरूप वडास्तरसम्मै सङ्गठन विस्तार र एकता सभाहरू गरिरहेको छ’, लुहार भन्नुहुन्छ, ‘तर सरकारले तोकिएकै समयमा चुनाव हुन्छ भन्ने ठोस आधार र वातावरण तयार गर्न ढिलाइ गर्नुहुँदैन। केही विषयमा असहमतजस्तो देखिने दलहरू पनि चुनावी महोल बनाउन केन्द्रित हुनुपर्छ।’

नेपाली कांग्रेस शुक्लाफाँटा नगर कार्यसमितिका सभापति दानसिंह ऐर भने संसद् पुनःस्थापनाको मुद्दा अदालतमा विचाराधीन रहेकाले केही अन्योलमा हुनुहुन्छ। यद्यपि, पार्टीले आन्तरिक रूपमा निर्वाचनकै तयारी स्वरूप सदस्यता नवीकरण र उम्मेदवार सिफारिसको प्रक्रिया अघि बढाएकाले चुनावमै होमिने आफ्नो विश्वास रहेको उहाँको धारणा छ। ऐर भन्नुहुन्छ, ‘लोकतन्त्रमा जनताको घरदैलोमा जाने माध्यम भनेकै निर्वाचन हो। समय कम भएकाले सरकारले सबै पक्षलाई समेटेर अगाडि बढ्नुपर्ने देखिन्छ।’ त्यही बहसमा थपिनुहुन्छ कृष्ण वैजनाथ बहुमुखी क्याम्पसका प्रमुख भवराज निरौला। उहाँ सङ्घीयताको सफल कार्यान्वयनका लागि निर्वाचनले नयाँ ऊर्जा प्रदान गर्ने उल्लेख गर्दै निर्वाचनका लागि आवश्यक प्राविधिक तयारीलाई प्राथमिकता दिनुपर्ने बताउनुहुन्छ।

‘मतदाता शिक्षाको सुरुआत गरी सक्नुपथ्यो, हालसम्म त्यस्तो भएकोजस्तो लाग्दैन। सुरक्षाकर्मी परिचालन, मतदानमा खटिने कर्मचारीको खटनपटनलगायत कार्यमा ठोस प्रगति नदेखिँदा केही अन्योल भने छ। यसलाई चिर्दै अगाडि बढ्नुपर्छ’, क्याम्पस प्रमुख निरौला भन्नुहुन्छ।

राजनीतिका जानकार टेकबहादुर हमाल पनि चुनावलाई लोकतन्त्र र सङ्घीयतालाई थप बलियो बनाउने माध्यमका रूपमा अर्थ्याउनुहुन्छ। उहाँ भन्नुहुन्छ, ‘बाहिरी रूपमा चुनावको चर्चा भएको छ, तर कतिपयले अझै पनि निर्वाचन हुने विषयमा संशय व्यक्त गरिरहेका छन्। सबै दलहरूलाई विश्वासमा लिएर चुनावी मैदान सुनिश्चित गर्नु नै अहिलेको आवश्यकता हो। निर्वाचन हालसम्मका उपलब्धिलाई थप सुनिश्चित गर्ने आधारका रूपमा लिनुपर्छ।’ संसद् पुनःस्थापना वा निर्वाचन भन्ने बहस संवैधानिक र कानुनी प्रक्रियामा रहे पनि अन्ततः लोकतन्त्रको मेरुदण्ड जनमत नै भएको हमालको भनाइ छ। उहाँ अगाडि भन्नुहुन्छ, ‘सङ्घीय व्यवस्थालाई थप बलियो बनाउन र राजनीतिक निकासका लागि स्वच्छ, निष्पक्ष र धाँधलीरहित निर्वाचन नै निर्विकल्प बाटो हो।’ यसरी छलफलमा सहभागी हुनेमध्ये अधिकांशले लोकतन्त्रमा निर्वाचनका मुख्य सरोकार भएकाहरू राजनीतिक दल नै भएकाले सरकारले संशयका घेराहरू तोड्दै चुनावी प्रक्रियामा सामेल गराउनुपर्नेमा जोड दिन्छन्। ‘सरकारले दलहरूलाई विश्वासमा लिँदै चुनावको वातावरण बनाउने र दलले आमनागरिकलाई परिवर्तनको आकाङ्क्षा पूरा गर्ने बाचासहित मतदानका लागि तयार गर्न अग्रसर हुनुपर्छ। यो नै अहिलेको आवश्यकता हो। देशमा उत्पन्न वर्तमान परिस्थितिको निकास पनि यही हो’, धेरैले भन्ने गर्छन्। रासस

# निर्वाचन कानुन र व्यवस्थापनबारे छलफल सम्पन्न



काठमाडौँ, ७ पुसः प्रतिनिधिसभा सदस्य निर्वाचन कानुन तथा व्यवस्थापनसम्बन्धी छलफल सम्पन्न भएको छ। आज यहाँ सिंहदरबारमा भएको सर्वपक्षीय छलफलमा प्रधानमन्त्री सुशीला कार्कीले सबै राजनीतिक दललाई निर्वाचनमा ढुक्क भएर सहभागी हुन आग्रह गर्नुभयो। उहाँले निर्वाचनलाई सङ्कट होइन, परिवर्तन र उत्साहको माध्यमका रूपमा लिनुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा गृह मन्त्रालय र निर्वाचन आयोगको प्रस्तुतिपछि आठ जना नागरिक समाजका अगुवा, १४ जना विभिन्न राजनीतिक दलका नेता तथा दुई जना जेनजी प्रतिनिधिले आफ्ना धारणा राखेका थिए। छलफलमा सहभागी अधिकांशले निर्वाचन हुनुपर्ने मत व्यक्त गरेका छन्।

प्रधानमन्त्री कार्कीले संविधानअनुसार प्रतिनिधिसभाको दुई अधिवेशनबीच छ महिनाभन्दा बढी रिक्तता हुन नहुने व्यवस्थाका कारण निर्वाचन अपरिहार्य भएको बताउनुभयो। उहाँले निर्वाचन शान्तिपूर्ण रूपमा परिवर्तन ल्याउने माध्यम भएकाले हिंसा र विद्रोहभन्दा यही बाटोबाट हुने परिवर्तन दिगो र लोकतान्त्रिक हुने धारणा राख्नुभयो।

प्रधानमन्त्री कार्कीले भदौ २३ र २४ गते भएका हिंसात्मक घटनाप्रति दुःख व्यक्त गर्दै त्यसले समाज र राष्ट्रलाई परिवर्तनको आवश्यकता महसुस गराएको बताउनुभयो। जेनजी र युवापुस्ताले उठाएका प्रश्नहरूको समाधान गर्ने दायित्व सबैको हो भन्दै उहाँले परिवर्तित समयअनुसार राजनीतिक दलबाट अझ बढी सकारात्मक भूमिका अपेक्षित रहेको धारणा राख्नुभयो। प्रधानमन्त्री कार्कीले सरकार आलोचना सहन तयार रहेको तर त्यो सबै मुलुकको हितका लागि हुनुपर्नेमा जोड दिनुभयो। ‘सरकारमाथि जेनजी र दल दुवैबाट आलोचना भइरहेको छ, हामी त्यो सहन तयार छौँ। राजनीतिक दल, नागरिक समाज, पत्रकार र कर्मचारी सबैलाई मुलुकको उन्नति र विकासका लागि सहयोग गर्न आग्रह गरिरहेका छौँ। त्यसैले बाँकी समयलाई प्रभावकारी रूपमा उपयोग गर्दै निरन्तर संवाद र काम भइरहेको छ। यसमा सबै लागौँ, तोकिएको समयमै निर्वाचन गरौँ’, उहाँले भन्नुभयो। रासस

# रूपन्देही-१ : राप्रपाबाट लम्सालसहित ६ जना उम्मेदवारका लागि सिफारिस



भैरहवा, ७ पुस (दैपस)- आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि रूपन्देही क्षेत्र नम्बर १ मा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) बाट ६ जनाको नाम उम्मेदवारका लागि सिफारिस गरिएको छ। शनिबार रोहिणी गाउँपालिका-३ स्थित धकधईमा बसेको पार्टीको क्षेत्रीय समितिको बैठकले प्रत्यक्षतर्फ ६ जनाको नाम सिफारिस गर्ने निर्णय गरेको हो।

राप्रपाका सहायक महामन्त्री ताहिर अलीका अनुसार तोयानाथ लम्साल, प्रज्जवल बोहरा, गौरव बोहरा, अमरनाथ त्रिपाठी, आशिष कुमार चौधरी र जानकी पासीलाई सर्वसम्मत सिफारिस गरिएको छ।

१ नम्बरमा सिफारिस हुनुभएका देवदह नगरपालिका निवासी लम्साल पार्टीको केन्द्रीय सदस्य हुनुहुन्छ।


## लुम्बिनी फर्मास्युटिकल्स लि., बुटवलको
## साधारणसभा सम्बन्धी सूचना

यस कम्पनीको सञ्चालक समितिको मिति २०८२/०९/०७ गतेको बैठकको निर्णय अनुसार कम्पनीको वार्षिक साधारणसभा निम्न मिति, स्थान र समयमा बस्ने भएको हुँदा शेयरधनी महानुभावहरुको जानकारीका लागि कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

**सभा बस्ने मिति, स्थान र समयः**
**मितिः** २०८२/०९/२६ गते
**स्थानः** कम्पनीको कार्यालय, बुटवल
**समयः** दिनको ११ बजे
**सम्पर्क नं.:** ९८४७१४२८४९, ०७१-५३९९१८



कृष्णनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कृष्णनगर, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

## बोलपत्र दरभाउ स्वीकृत गर्ने सम्बन्धमा आशयको सूचना

मितिः २०८२।०९।०८

यस कृष्णनगर नगरपालिकाको चौधो नगर सभा आ.व.२०८२/०८३ को स्वीकृत बार्षिक कार्यक्रम भवन, आवास तथा सहरी विकासतर्फ अधुरो शिवराज अस्पताल भवन निर्माणकोलागि मिति २०८२।०८।०२ मा दैनिक पत्र पत्रिकामा प्रकाशित Construction Of Adhuro Shivraj Aspatal Bhawan सम्बन्धि सूचना बमोजिम पर्न आएका बोलपत्र मध्ये यस कार्यालयको बोलपत्र मुल्यांकन समितिबाट न्युनतम मुल्यांकित भई सारभूत रुपमा प्रभावग्राही भएकोले सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

| क्र.सं. | ठेक्का नं. | दरभाउपत्रदाताको नाम ठेगाना | कबोल अंक (मु.अ.कर सहित) | कैफियत |
|---|---|---|---|---|
| १ | KNM/NCB/BLD-01/2082/083 (Construction Of Adhuro Shivraj Aspatal Bhawan | Prem Nirmaan Sewa Maharajganj Municipality-08, Kapilvastu phone: 9817459276 | 3099742.51 | |

प्रमुख प्रशासकीय अधिकृत


# तानसेनको पर्यटन प्रवर्द्धन गर्न ‘चित्रकला तथा फोटो प्रदर्शनी’

तानसेन (पाल्पा), ७ पुसः यहाँको तानसेनलाई पर्यटकीय गन्तव्यको रूपमा चिनाउन चित्रकला तथा फोटो प्रदर्शनी गरिएको छ। तानसेन गुठी पाल्पाले ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा प्राकृतिक पहिचानलाई उजागर गर्दै तानसेनका पर्यटकीय गन्तव्यलाई देश तथा विदेशमा चिनाउने उद्देश्यसहित तीन दिने प्रदर्शनी आयोजना गरेको हो।

यही पुस ६ गतेदेखि पाल्पा दरबार सङ्ग्रहालय परिसरमा चित्रकला तथा फोटो प्रदर्शनी भइरहेको छ। प्रदर्शनी भोलि (मङ्गलबार) सम्म सञ्चालन हुनेछ। प्रदर्शनीमा तानसेनका ऐतिहासिक, पुरातात्विक, धार्मिक, सांस्कृतिक तथा प्राकृतिक विषयवस्तु समेटिएका फोटा र चित्रहरू राखिएका छन्। तानसेन नगरपालिकाका प्रमुख सन्तोषलाल श्रेष्ठले स्थानीय भाषा, कला, संस्कृति र भेषभूषाले चित्रकला तथा फोटो प्रदर्शनीमा महत्व पाएका जानकारी दिनुभयो। प्रदर्शनीले आन्तरिक तथा बाह्य पर्यटकलाई तानसेनप्रति आकर्षित गर्ने अपेक्षा आयोजकले गरेको छ।

प्रदर्शनीले तानसेनको इतिहास, सभ्यता र पर्यटन सम्भावनालाई प्रचारप्रसार गर्न महत्त्वपूर्ण भूमिका खेल्ने प्रदर्शनीको अवलोकन गर्न पुग्नुभएका नगरप्रमुख श्रेष्ठले बताउनुभयो। उहाँले भन्नुभयो, ‘प्रदर्शनीले स्थानीय कला र संस्कृतिलाई संरक्षण गर्दै पर्यटनसँग जोड्ने योजना बनाएको छ। यसले नगरको आर्थिक गतिविधि चलायमान बनाउन सकिन्छ भन्ने विश्वास जगाएको छ।’ तानसेनमा थुप्रै पर्यटकीय र धार्मिक स्थलहरू भए पनि प्रभावकारी प्रचारप्रसार गर्न नसक्दा ओझेलमा परेकाले यस्ता प्रदर्शनीले महत्वपूर्ण हुने उहाँको भनाइ छ।

तानसेन केवल ऐतिहासिक सहर मात्र नभई जीवन्त संस्कृति बोकेको पर्यटकीय गन्तव्य भएकाले यस क्षेत्रको प्रचारप्रसारका लागि प्रदर्शनी आयोजना गरिएको तानसेन गुठी काठमाडौँका अध्यक्ष जीवनज्योती बज्राचार्यले बताउनुभयो। तानसेन गुठी पाल्पाका अध्यक्ष शकुन्तला बज्राचार्यले मगरहरूको शासनकालदेखि सेन वंशीय शासकहरूले राज्य विस्तार गरेको इतिहास, राणाकालीन समयमा नेपालको प्रमुख प्रशासनिक केन्द्रका रूपमा रहेको तानसेनको गौरवशाली पहिचानलाई नयाँ पुस्तासम्म पुऱ्याउनु आवश्यक रहेकाले फोटो प्रदर्शनी राखिएको उल्लेख गर्नुभयो।

तानसेन पर्यटन समितिका संयोजक सागरमान महर्जनले यस्ता सिर्जनात्मक कार्यक्रमहरूले पर्यटकलाई लामो समयसम्म तानसेनमा बस्न प्रेरित गर्ने विश्वास व्यक्त गर्नुभयो। प्रदर्शनी अवलोकनमा आन्तरिक तथा बाह्य पर्यटकको उल्लेखीय सहभागीता रहेको आयोजकले जनाएको छ। रासस

# प्रलोपाको लुम्बिनी प्रदेश इन्चार्जमा नारायणी शर्मा

रूपन्देही, ७ पुस (दैपस)- प्रगतिशील लोकतान्त्रिक पार्टीले लुम्बिनी प्रदेश इन्चार्ज नारायणी शर्मालाई तोकेको छ।

काठमाडौँमा बसेको पार्टीको पूर्ण बैठकले लुम्बिनी प्रदेशको इन्चार्ज शर्मा र सह इन्चार्ज छन्द पन्थीलाई तोकेको अध्यक्ष परिषदका सदस्य पंकज राईले जानकारी दिए।

पार्टीले पठाएको परिपत्र अनुसार प्रदेश अध्यक्ष परिषद्मा तिन जनालाई तोकिएको छ।

जसमा पङ्कज राई, बुद्ध सुनार, यज्ञ पोखरेल रहेका छन्। पुस १२ दाङको भालुवाङमा प्रदेश एकता भेलाको तयारी गरेको राईले जनाएका छन्।


सेवाको मौका अवश्य दिनुहोला।
9867792976 NTC
9821449997 NCELL
सुरज सेनेटरी
बुटवल-१७, रानीगंज
ट्वाइलेट सफा गराउनु परेमा, स्यापटी टंकी रिंग भरिएमा हामीलाई सम्झनुहोस्।
हामी तपाईंको समस्या पाँच मिनेटमा हल



ट्वाईलेट सफा गराउनुहोस्
सबैभन्दा बढी क्षमता भएको
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा ५ मिनटमै सेफ्टी टंकी, रिङ्ग खाली गरिनेछ।
- ट्वाईलेट सिट, नाली जाम भएमा तुरुन्त खोलिने छ।
- यो सुविधा बुटवल, भैरहवा साथै लुम्बिनी अञ्चल भरी दिइनेछ।
क्षेत्र : लुम्बिनी, भैरहवा, परासी, बुटवल, मर्चवार
प्रो. रामशाह साहनी
बिशाल सेनेटरी
बर्मेली टोल-८, भैरहवा, मो.: 9847324755, 9804406297



## Tilottama Municipality
Office of Municipal Executive
Kunjalapur, Manigram, Rupandehi

## Invitation for Only Electronic Bids

Date of Publication: 2082/09/08

1. Tilottama Municipality, Office of Municipal Executive Invites Electronic Bids/Seal Quotations from Eligible Bidders for following projects.

| S. N. | Name of Project | Contract ID. | Estimated Amount (with P.S. & VAT ) | Price Of Bid Document NRs. | Bid Security Amount NRS. & Bid Security Validity Period : 120 Days for NCB & 75 days for SQ | Last Date, Time of bid Submission and Opening | Bank A/C Details (For cost of bid Document &Bid Security Amount) |
|---|---|---|---|---|---|---|---|
| 1 | Khanepani Path, Ritambhara path, mandir Path Sadak Staronnati, Tilottama-03, Rupandehi | NCB/TM/W/ 39/082/83 | 2,443,916 | 3,000 | 60,000 | 31st day for NCB, 16th day for SQ & 16th day for Re-Bidding from Publication, before 12:00 hrs and 13:00 hrs Respectively | Name Of Account:- : Tilottama Municipality, Office of Municipal Executive, Manigram, Rupandehi; Account Details. NIC Asia Bank, Manigram, Rupandehi |
| 2 | Prabhat Path Sadak Staronnati, Tilottama-04, Rupandehi | NCB/TM/W/ 40/082/83 | 2,445,814 | 3,000 | 60,000 | | Rajaswa (Revenue) Khata no:- 1052055499599012, |
| 3 | Nishchal path sadak Kalopatre, Tilottama-12, Rupandehi | NCB/TM/W/ 41/082/83 | 2,446,696 | 3,000 | 60,000 | | Dharauti Khata no:- A5CA 549959952403 |
| 4 | Buddha Circuit, Purano sadak Pot Hole Repair and Patching Work, Tilottama, Rupandehi | NCB/TM/W/ 42/082/83 | 2,092,104 | 3,000 | 50,000 | | Office Code :- 801054802 |

2. Eligible Bidders may obtain further information from the (Phone no. 071-562979, website: www.tilottamamun.gov.np) Tilottama Municipality, Office of Municipal Executive , Manigram, Rupandehi or may download bidding document from PPMO's e-GP system www.bolpatra.gov.np/egp under name of Tilottama Municipality, Office of Municipal Executive.
3. Interested bidders shall register in e-GP system and shall summit their bid / quotations through PPMO's e-GP system www.bolpatra.gov.np/egp system before above mentioned date & time.
4. Tender Procedures shall follow Public Procurement Act -2063 (with amendment) & Public Procurement Regulation -2064 (with amendment)

Chief Administrative Officer



ट्वाईलेट सफा गराउनुहोस्
सुपथ मुल्यमा नगरपालिका भित्र वा बाहिर काम गर्ने र गराउन हामीलाई एकपटक सेवा गर्ने मौका दिनुहोस्।
पाल्पाली मगर सेनेटरी
बुटवल-१७, मोतिपुर
मो.: ९८६७१२२३५५, ९८१२९६३२२५, ९८२४४७७७७०



ट्वाइलेट सफा गराउनुहोस
हाम्रा सेवाहरुः तपाईंको घरको सिट, नाली जाम भएमा चिन्ता लिनु पर्दैन। सेनेटरी जगतमा बढी क्षमता, अत्याधुनिक प्रविधि, पावरफुल रोटर भ्याकुम पम्पद्वारा बिना बिजुली ट्वाइलेटको सेफ्टी वा रिङ्ग सफा गरिन्छ।
प्रो. राजेश प्रसाद
राजेश सेनेटरी सेवा, भैरहवा
मो.: ९८०५४७८७५९, ९८०७५९२८८३



ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अञ्चलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोला।
-लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सेफ्टी टंकीको रिङ्ग खाली गरिनेछ।
सुपथ मूल्यमा काम गर्न र गराउने हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस्।
सिताराम सफा सेनेटरी
भैरहवा
मो.: ९८६९७८९२७५, ९८००७६०६२२



L.B.F ईंट्टा चाहिएमा
तपाईंको शहर भैरहवा, बुटवलमा बलियो, टिकाउ र भरपदो L.B.F. मार्का ईंट्टा चाहिएमा तु-सम्पर्क गर्नुहोला।
सम्पर्कः
पडसरी-५, ढुटिपिपल, रूपन्देही
फोन : ९८५७०२३३२०, ९८५७०२३९१४, ९८५७०२३८१३
नोट : पाल्पा, स्याङ्जा, गुल्मी, अर्घाखाँचीका लागी ट्रकमा पठाउने व्यवस्था छ।